# प्रश्नोत्तर (FAQ): अदालतद्वारा रद्द गरिएका USCIS का ४ वटा नीतिहरू के-के हुन्?

***यो जानकारी ०६/११/२०२६ देखि लागू भएको हो र परिवर्तन हुन सक्नेछ — अद्यावधिक जानकारीका लागि पुनः जाँच गर्नुहोस्!***

***यो जानकारी केवल जानकारीका लागि मात्र हो र यसलाई कानुनी सल्लाहको रूपमा लिनु हुँदैन।***

## महत्त्वपूर्ण अपडेट: USCIS का नीतिहरूबारे अदालतको निर्णय

जुन ५, २०२६ मा, एक संघीय न्यायाधीशले USCIS का चारवटा नीतिहरूबारे निर्णय सुनाउनुभयो, जसले शरण (asylum) खोज्ने व्यक्तिहरू र अमेरिकाले "उच्च जोखिम" (high risk) भनेर चिनाएका ३९ देशका नागरिकहरूको आप्रवासनसम्बन्धी मुद्दाहरूलाई ढिलो बनाएको, रोकिएको वा अवरुद्ध गरेको थियो। (हेर्नुहोस्: Dorcas International Institute of RI v. USCIS)। यहाँ तपाईंले जान्नुपर्ने मुख्य कुराहरू छन्।

## न्यायाधीशले के निर्णय गर्नुभयो?

न्यायाधीशले भन्नुभयो कि USCIS ले मुख्य रूपमा ३९ देशका नागरिकहरूलाई लक्षित गर्दै राष्ट्रियताको आधारमा आप्रवासन प्रक्रिया रोक्ने वा ढिलो गर्ने चारवटा नीतिहरू लागू गर्नु गैरकानुनी थियो। न्यायाधीशले USCIS लाई यी चारवटै नीतिहरू लागू गर्न बन्द गर्न आदेश दिनुभयो।ती ३९ देशहरू यस प्रकार छन्:अफगानिस्तान, अंगोला, एन्टिगुवा र बार्बुडा, बेनिन, बुर्किना फासो, म्यानमार (बर्मा), बुरुन्डी, चाड, कोट डी'आइभोर, क्युबा, डोमिनिका, इक्वेटोरियल गिनी, इरिट्रिया, गाबोन, हाइटी, इरान, लाओस, लिबिया, मलावी, माली, मौरिटानिया, नाइजर, नाइजेरिया, कंगो गणतन्त्र (ब्राजाभिल), सेनेगल, सियरा लियोन, सोमालिया, दक्षिण सुडान, सुडान, सिरिया, तान्जानिया, द गाम्बिया, टोगो, टोंगा, तुर्कमेनिस्तान, भेनेजुएला, यमन, जाम्बिया, जिम्बाब्वे, र प्यालेस्टिनी प्राधिकरण (Palestinian Authority) का कागजात प्रयोग गरेर यात्रा गर्ने व्यक्तिहरू।

## रद्द गरिएका नीतिहरूबारे USCIS लाई के गर्न आदेश दिइयो?

रद्द गरिएका नीतिहरूबारे USCIS लाई निम्न कार्यहरू गर्न आदेश दिइयो:

• सबै राष्ट्रियताका व्यक्तिहरूका लागि शरण (asylum) र निष्कासन रोक (withholding of removal) सम्बन्धी आवेदनहरूको प्रक्रिया पुनः सुरु गर्न।

• ३९ देशका व्यक्तिहरूका आप्रवासन आवेदनमाथि लगाइएको रोक (Pause) हटाउन। USCIS ले यी देशका नागरिकहरूको आवेदन प्रक्रिया पुनः सुरु गर्नुपर्नेछ र आप्रवासनसम्बन्धी लाभहरू जारी गर्नुपर्नेछ, जसमा ग्रीन कार्ड, काम गर्ने अनुमति (work permit), यात्रा कागजात (travel document), र नागरिकता (citizenship) समेत समावेश छन्।

• जनवरी २०, २०२१ वा त्यसपछि ३९ लक्षित देशका व्यक्तिहरूले अमेरिकामा प्रवेश गरेपछि राष्ट्रियताको आधारमा मात्र पहिले नै निर्णय भइसकेका र स्वीकृत भएका मुद्दाहरू पुनः खोल्ने वा पुनरावलोकन गर्ने कार्य रोक्न।

• केही आवेदनहरूको निर्णय गर्दा तोकिएको देशको राष्ट्रियतालाई नकारात्मक कारण (negative factor) को रूपमा प्रयोग नगर्न

## के परिवर्तन हुँदैन?

यो अदालतको निर्णयले निम्न कुराहरू गर्दैन (परिवर्तन गर्दैन):

• ३९ वटा "उच्च जोखिम" देशहरू र ७५ वटा "public charge" देशका नागरिकहरूलाई अमेरिका यात्रा गर्न भिसा जारी गर्ने सम्बन्धी विद्यमान यात्रा प्रतिबन्ध (travel bans) समाप्त गर्दैन।

• शरणार्थी (refugee) बाट ग्रीन कार्डका लागि गरिने “adjustment of status” आवेदनहरूको प्रक्रिया पुनः सुरु गर्दैन।

• हाल केवल सेतो दक्षिण अफ्रिकीहरूलाई मात्र पुनर्वास गरिरहेको शरणार्थी पुनर्वास कार्यक्रम (refugee resettlement program) पुनः सुरु गर्दैन।

• अन्य कुनै पनि USCIS वा राज्य विभाग (State Department) का नीतिहरू परिवर्तन गर्दैन।

## अब के हुनुपर्छ?

USCIS ले अदालतको आदेशविरुद्ध पुनरावेदन (appeal) गरेको छ, तर पुनरावेदन विचाराधीन रहँदासम्म उक्त आदेश पालना गर्ने बताएको छ। यसको अर्थ हालका लागि USCIS ले निम्न कार्यहरू गर्नेछ:

• पहिले रोकिएका ग्रीन कार्ड, काम गर्ने अनुमति (work permits), यात्रा कागजात (travel documents), नागरिकता प्रक्रिया (naturalization), र अन्य आवेदनहरूमा निर्णय जारी गर्नेछ।

• रद्द गरिएका नागरिकता ग्रहण समारोह (naturalization oath ceremonies) पुनः तालिका बनाएर सञ्चालन गर्नेछ।

• केवल राष्ट्रियताको आधारमा पुनः खोलिएका स्वीकृत केसहरूलाई पुनः पुष्टि (reconfirm) गर्नेछ।

• काम गर्ने अनुमति (work permits) जस्ता लाभ अस्वीकार गर्दा राष्ट्रियतालाई कारणको रूपमा प्रयोग गर्न बन्द गर्नेछ।

## अझ के हुन सक्छ?

USCIS ले अपिल अदालत (appeals court) लाई तल्लो अदालतको आदेश अस्थायी रूपमा रोक्न (pause/stay) अनुरोध गर्न सक्छ। अपिल अदालतले निम्न मध्ये कुनै निर्णय गर्न सक्छ:

• तल्लो अदालतको आदेशलाई यथावत राख्ने, वा

• आदेशलाई अस्थायी रूपमा रोक्ने (pause गर्ने), जसले गर्दा अपिल प्रक्रिया समाप्त नभएसम्म USCIS ले ती चारवटा विवादित नीतिहरू लागू गरिरहन सक्नेछ।

## मसँग अझै मेरो केसबारे प्रश्नहरू छन्। म कसलाई सोध्न सक्छु?

यदि तपाईंलाई लाग्छ कि यी परिवर्तनहरू तपाईंमा लागू हुन्छन् वा तपाईंलाई आफ्ना विकल्पहरूबारे प्रश्न छन् भने, तपाईंले योग्य आप्रवासन कानुनी सेवा प्रदायक (qualified immigration legal service provider) लाई सम्पर्क गर्नुपर्छ। कानुनी सेवा र सल्लाह प्राप्त गर्ने तरिकाबारे जानकारीका लागि तल हेर्नुहोस्।

| आप्रवासन अधिवक्ता सञ्जाल | अमेरिकी आप्रवासन वकिलहरूको संघ | ASAP का निजी वकिलहरूको सूची |
| --- | --- | --- |
| Immigration Advocates Network | American Immigration Lawyers Association | ASAP list of private attorneys |